# देउताको जन्म

आभास

मन खलबलियो
र मस्तिष्कमा गयो भुईंचालो

चिन्ता र डर
जन्मिए गर्भबाट

चिन्ताकै छाता ओढेर
डर उभियो
बुँख्याचाजस्तो

बुँख्याचाले खुट्टा बजाऱ्यो
र मन्त्र जप्यो

मन्त्रबाट निर्माण भए
केही अमूर्त चित्र

चित्रले
तर्साउदै पछ्याए
र तितरवितर भए
मानव-झुण्ड

झन् हकार्दै दवेटे
अमूर्त चित्रले
मान्छे नै मान्छेलाई

मान्छे एकएक गरी
लगलग कामे
मन
मस्तिष्क
गाला
पाखुरा
तिघ्रा
सबै लगलग कामे

पङ्तीको पहिलो मान्छेले
सुस्तरी घुँडा टेक्यो
र पुकाऱ्यो-
'हे भगवान, हाम्रो रक्षा गर !'

**९ मार्च २००७**
**वानेश्वर**